


Research Management Cell
Adarsha Multiple Campus

AMC Journal
Link : https://doi.org/10.3126/amcj.v3i1.45458

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# ‘सत्ताको खोजमा’ एकाङ्कीमा लैङ्गिक चेतना

**मुक्तिकला लामिछाने***

## सार

*प्रस्तुत लेखमा एकाङ्कीकार विजय मल्लको सत्ताको खोजमा एकाङ्कीको लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गरिएको छ । जैविक लिङ्गका दृष्टिले नारी-पुरुषबिच ठूलो पार्थक्य रहे तापनि सामाजिक लिङ्गले उनीहरूको भूमिका निर्धारण गर्दछ । सत्ताको खोजमा एकाङ्कीका प्रमुख पात्रमा लैङ्गिक चेतनाको अवस्था पत्ता लगाउने, जैविक लिङ्गका कारण सामाजिक भूमिकामा पार्ने प्रभाव तथा लैङ्गिक विभेद र शोषणको अध्ययन-विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । यो लेख गुणात्मक अनुसन्धान ढाँचामा तयार पारिएको छ । पुस्तकालयीय अध्ययनको उपयोग गरी प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीबाट तथ्यहरूको सङ्कलन गरिएको छ । यस एकाङ्कीलाई प्राथमिक स्रोतको सामग्रीको रूपमा लिइएको छ भने लेखसम्बद्ध विभिन्न सैद्धान्तिक तथा व्यावहारिक पुस्तकहरू, अनुसन्धानमूलक लेखहरू, पत्रपत्रिकामा प्रकाशित लेख तथा रचनाहरू तथा इन्टरनेटमा उपलब्ध सामग्रीहरूलाई द्वितीयक स्रोतका सामग्रीको रूपमा उपयोग गरिएको छ । लैङ्गिकतालाई मूल सैद्धान्तिक पर्याधार मान्दै यसका प्रमुख मानकलाई विश्लेषणको आधारको रूपमा उपयोग गरिएको छ । जैविक लिङ्गका आधारमा समाजले नारी-पुरुषको सामाजिक भूमिका, निर्णयशक्ति र जिम्मेदारी निर्धारण गर्ने पितृसत्तावादी सोच हाबी भएको, सामाजिक लिङ्गकै कारण पुरुष प्रभुत्व कायम रहेको, नारीमाथि शोषण-दमन हुने गरेको, पितृसत्ताका आडमा हुने शोषण-विभेदबाट मुक्तिका लागि नारी विद्रोह अपरिहार्य रहेको, परम्परागत पितृसत्ताबाट पुरुषमाथि समेत उत्पीडन हुने गरेकाले लैङ्गिक समविकासका लागि नारी-पुरुष परिपूरक बन्नुपर्छ भन्ने लैङ्गिक चेतना यस एकाङ्कीमा प्रकट भएको छ ।*

**मुख्य शब्दावली** : अस्तित्ववाद, पितृसत्ता, नारीउन्मुक्ति, नारीवाद, शरीर राजनीति, सङ्कीर्णतावादी समाज ।

---

* *श्री मुक्तिकला लामिछाने आदर्श बहुमुखी क्याम्पस धादिङमा शिक्षाशास्त्र संकाय प्रमुख तथा नेपाली शिक्षाकी उप-प्राध्यापक हुनुहुन्छ । Email: lcsaru92@gmail.com*

## पृष्ठभूमि

समाजमा महिला र पुरुषले गर्ने सामाजिक सांस्कृतिक व्यवहारका आधारमा महिला र पुरुषबिचको भिन्न भूमिकाको निर्धारण गर्दछ । लिङ्गसँग सम्बन्धित पहिचान वा संस्कृति नै लैङ्गिकता हो । सामाजिक परिवेश, सांस्कृतिक अवस्था तथा सामयिक सन्दर्भहरूबाट निर्धारित महिला र पुरुषको पहिचानलाई लैङ्गिकता भनिन्छ (खनाल, सन् २०१९, पृ.१०३) । यसले नारी, पुरुष र तेस्रो लिङ्गीलाई समेत सङ्केत गर्दछ । भाले तथा पोथी लैङ्गिक सम्बन्धका आधारमा जीवनयथार्थ र समाजलाई हेर्ने दृष्टिकोण वा मान्यता (नेपाली बृहत् शब्दकोश, २०७५, पृ. ११२१) नै लैङ्गिकता हो । यस तथ्यलाई हेर्दा लैङ्गिकताभित्र भाले वा पोथी जातिको मात्र सन्दर्भ आउँछ तर उत्तरआधुनिक युगमा तेस्रो लिङ्गी र यौनिक अल्पसङ्ख्यक समेत पर्दछन् । परम्परागत सोच-चिन्तनले तेस्रो लिङ्गीलाई महत्त्व दिँदैनथ्यो । वर्तमानमा तेस्रो लिङ्गीको मुद्दा स्थापित भइसकेको छ। समाजमा नारी, पुरुष र तेस्रो लिङ्गी समुदायको भूमिका फरक-फरक छ । हरेक भूमिकामा पितृसत्ताको प्रभुत्व हुन्छ । नारीलाई घरभित्रको आन्तरिक स्थलसँग जोडिन्छ भने पुरुषलाई घर बाहिरको संसारसँग जोडिन्छ। यस किसिमको पितृसत्तात्मक सोच अनुरूप नारीको शरीर मनोभावना र व्यवहारले राष्ट्रिय तथा पारिवारिक दुवै किसिमका परम्पराहरूको प्रतिरक्षा गर्नुपर्छ । पुरुषले भने यी परम्पराबाट बाहिर निस्केर आधुनिक परिपाटी सिकेमा केही फरक पर्दैन (उप्रेती, २०६८, पृ. २३४) । यसरी समाजले निर्धारण गरेको भूमिकाले नै लैङ्गिक विभेद सिर्जना हुँदै आएको छ । अतः साहित्यिक कृतिलाई लैङ्गिकताका आधारमा विश्लेषण गर्नु भनेको नारी र पुरुषको अन्तरसम्बन्ध, समाजमा तिनको भूमिका, सामाजिक, आर्थिक, सांस्कृतिक, संरचनामा नारी र पुरुषको हस्तक्षेपको अध्ययन गर्नु हो (भट्टराई, २०७६, पृ.२४५) । नेपाली समालोचनाको पछिल्लो चरणमा देखिएको लैङ्गिक समालोचना नवीन विषयका रूपमा स्थापित भएको छ । यसले समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त्य गर्नुपर्छ, लैङ्गिक समविकासमा ध्यान दिनुपर्छ भन्ने आग्रह लैङ्गिक समालोचनाले गर्दछ ।

विजय मल्ल (वि.सं. १९८२–२०५६) आधुनिक नेपाली नाटक तथा एकाङ्कीका क्षेत्रमा सामाजिक यथार्थवादी, विसङ्गतिवादी एकाङ्कीकार हुन् । राजनीति र साहित्य दुवै क्षेत्रमा संलग्न रहेका उनी वि.सं. २०१५ को आम निर्वाचनपछि भने राजनीतिक जीवन त्यागी साहित्य सिर्जनातर्फ लागे । उनका *कोही किन बर्बाद होस्, पत्थरको कथा, बहुलाकाजीको सपना, दोभान, सात एकाङ्की, माधुरी, मानिस र मुकुन्डो* जस्ता एक दर्जनभन्दा बढी नाटक तथा एकाङ्की प्रकाशित छन् । उनी सामाजिक यथार्थवादी एकाङ्कीकार हुन् तथापि उनका रचनामा अस्तित्ववाद, विसङ्गतिवाद, नारीवाद जस्ता पाश्चात्य दर्शनको पनि गहिरो प्रभाव पाइन्छ । मल्लको *सत्ताको खोजमा, पत्थरको कथा* एकाङ्की र *माधुरी* नाटकमा मनोविज्ञान र अस्तित्ववादको अतिरिक्त नारीवादी चिन्तन पनि अभिव्यक्त देखिन्छ । यस लेखमा लैङ्गिक सन्दर्भका विविध पक्षहरू (नारीवाद, पितृसत्ता, शरीर राजनीति आदि) प्रस्तुत गर्दै ‘स्व’ को खोजी र अस्तित्व निर्माणमा सचेत ढङ्गले सक्रिय रहनुपर्ने आग्रह गर्दै नारीत्व तथा नारीका समाज मनोवैज्ञानिक समस्याहरूको सूक्ष्म विश्लेषण गरिएको छ । साथै, पितृसत्तात्मक समाजका पुरुषको आडम्बरी सोचाइ र व्यवहार तथा उक्त समाजमा विवशतापूर्ण रूपमा नारीले भोग्न परेका भोगाइको सघन चित्रण गरिएको छ । विजय मल्लका अन्य नाटक तथा एकाङ्कीमध्ये तुलनात्मक

रूपमा लैङ्गिकताका दृष्टिले सशक्त र सामाजिक यथार्थपरक सन्दर्भको सचेत तथा वैज्ञानिक विश्लेषण गरिएको एकाङ्की *सत्ताको खोजमा* सान्दर्भिक तथा प्रभावकारी रहेको छ ।

## समस्याकथन र उद्देश्य

कानुनी रूपमा नारी र पुरुषलाई समान अधिकार प्राप्त भए पनि व्यावहारिक रूपमा समाजमा लैङ्गिक विभेद विद्यमान देखिन्छ । पुरुष प्रभुत्व र उत्पादनका साधनमा पुरुषकै वर्चस्व कायम रहनु, महिलाले पैतृक सम्पत्तिको नैसर्गिक उपभोग गर्ने वातावरण नहुनुले पनि लैङ्गिक विभेदलाई प्रश्रय दिन्छ । व्यावहारिक रूपमा नारी र पुरुष समान किन छैनन् ? प्राकृतिक लिङ्गका सीमित पार्थक्यभन्दा पनि सामाजिक लिङ्गले नारी र पुरुषको भूमिकालाई के कसरी निर्धारित गर्दछ ? भन्ने पक्ष अध्ययनको क्षेत्र बनेको छ । त्यस्तै गरी हाम्रो जस्तो परम्परित ढाँचाको समाजले पुस्तौँदेखि नारीहरूलाई बन्धनमा राखी के कसरी शोषण र दमन गर्दै आएको छ ? नारीहरूलाई स्वतन्त्रता दिनु हुँदैन भन्ने मान्यता राखेको हाम्रो समाजले लैङ्गिक विभेद गरेर छोरा मान्छेहरूलाई मात्र स्वतन्त्रताको अधिकार दिई छोरी मान्छेलाई घरको चार पर्खालभित्र कसरी बन्दी बनाउँदै आएको छ जसले गर्दा आज नारीहरूले कसरी आफ्नो अस्मिता गुमाउन परेको छ ? भन्ने सन्दर्भमा यस लेख केन्द्रित रहेको छ । यसै परिप्रेक्ष्यमा *सत्ताको खोजमा* एकाङ्कीमा के कस्तो लैङ्गिक चेतनाको प्रयोग भएको छ भन्ने मूल जिज्ञासाका साथै उक्त कथामा नारी र पुरुष पात्रले प्राप्त गरेको जिम्मेवारी र उनीहरूको जैविक लिङ्गका कारण सामाजिक भूमिकामा देखा परेको प्रभाव, लैङ्गिक दृष्टिले हुने विभेद र शोषणको अध्ययन-विश्लेषण गर्नु नै यस लेखको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । पुस्तकालयीय अध्ययन कार्यबाट प्राप्त तथ्यहरूलाई वर्णनात्मक विधिबाट विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### सामग्री सङ्कलन प्रक्रिया

यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । प्रस्तुत *सत्ताको खोजमा* एकाङ्की प्राथमिक स्रोतको रूपमा रहेको छ भने आलेखसँग सम्बद्ध विभिन्न सैद्धान्तिक तथा व्यावहारिक पुस्तकहरू, अनुसन्धानमूलक लेख, पत्रपत्रिकामा प्रकाशित लेख र इन्टरनेटमा प्राप्त सामग्रीहरू द्वितीयक स्रोतका सामग्री हुन् । यी दुवै स्रोतका सामग्रीहरूको अध्ययनबाट आवश्यक तथ्यहरू सङ्कलन र अभिलेखीकरण गरिएको छ ।

### अर्थापन पद्धति

यस लेखमा नारीवादलाई चिनाउँदै लैङ्गिक अध्ययनका सैद्धान्तिक मान्यताहरू स्थापित गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट सङ्कलित तथ्यहरूको सत्यापन गरी एकाङ्कीमा

निहित लैङ्गिक चेतनाको खोजी गरिएको छ । मूलतः पाठ विश्लेषण पद्धति अपनाई नारीवादका सैद्धान्तिक धारहरूको आधारमा वर्णनात्मक विधिबाट प्राप्त तथ्यहरूको व्याख्या विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि नारीवाद, पित्तृसत्ता, सामाजिक लिङ्ग, लैङ्गिकता, पुलिङ्गता र सामाजिक लिङ्गभेद र शरीर राजनीति जस्ता लैङ्गिक अथवा जेन्डरको अध्ययनका मानकलाई सैद्धान्तिक पर्याधार बनाइएको छ । यसको आधारमा *सत्ताको खोजमा* एकाङ्कीमा लैङ्गिक चेतनाको खोजी गरिएको छ ।

### लैङ्गिकताका आधारहरू

***नारीवाद***

'नेपाली साहित्यको औपन्यास विधामा नारीवादको प्रभाव स्पष्ट देखिन्छ । पुरुषकेन्द्रवाद र पितृसत्ता भङ्ग गर्दै नारीकेन्द्रवादको स्थापनाको उद्देश्यबाट अभिप्रेरित भएर लेखिएका साहित्यहरू नै नारीवादी साहित्य हुन् । पछिल्लो समयमा नारीवादले नेपाली साहित्यका विविध विधाहरूमा आफ्नो आधिपत्यता जमाउँदै आएको छ । नेपाली एकाङ्कीका क्षेत्रमा पनि एउटा नवीन विचारको रूपमा लोकप्रियता समेत हासिल गरिसकेको छ । नेपाली नाटक तथा एकाङ्कीमा विभिन्न प्रवृत्ति, विचार, सिद्धान्त र शैलीहरू भित्रिएको देखिन्छ जसमा नारीवाद पनि पर्दछ (खनाल, २०७१, पृ. २) । feminism' को नेपाली रूपान्तरण नारीवाद आधुनिक साहित्य समालोचनाको चर्चित सिद्धान्त हो । नारीवाद शब्दको प्रथम प्रयोग फ्रान्समा सन् १८७१ मा पुरुषको स्वास्थ्य परीक्षण गर्दा पुरुषमा नारीगुण पाएपछि त्यसलाई बुझाउन प्रयोग भए पनि महिला आन्दोलनमा भने यसको प्रयोग सन् १८९० देखि भएको हो । यसले नारीलाई मुक्ति दिलाउन, माथि उठाउन, आत्मनिर्भर बनाउन र नारीअधिकार एवम् अस्तित्त्व प्राप्ति तथा समान अधिकारका निमित्त उत्प्रेरित गराउँदछ । शर्मा (२०५५) का अनुसार नारीवादले समाजमा चिर कालदेखि प्रबल लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गर्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ (पृ.३७१) । यस आधारमा नारीवाद पुरुष सत्ताको समानान्तर भूमिका र अधिकार नारीको पनि हुन्छ र हुनुपर्छ भन्ने मान्यता राख्ने सिद्धान्तको रूपमा देखा पर्दछ । नारीकेन्द्री सन्दर्भबाट नारीका हकहित र समानताको पक्षमा आवाज उठाउनुलाई नारीवाद भन्न सकिन्छ ।

***पितृसत्ता***

लैङ्गिक अध्ययनका सन्दर्भमा पितृसत्ता भन्नाले सामाजिक संस्था र अभ्यासका सबै प्रक्रियाहरूमा पुरुषको महिलामाथिको अधीनता तथा परम्परागत र व्यवस्थित दमन बुझिन्छ जसका परिवारमा पुरुष मुख्य हुन्छ, उसकै अधीन चल्छ र ऊ उच्च स्थानमा रहन्छ (भट्टराई, २०७६) । पितृसत्ता महिलामाथिको

दमन र शोषणको प्रमुख कारक हो भने पितृसत्ताकै कारण समाजको लैङ्गिक संरचनाले सासू, बुहारी र छोरीलाई हेरिने तेस्रो दृष्टिकोणको अध्ययन गर्दा पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ । पितृसत्ता जीववैज्ञानिक नभएर सांस्कृतिक निर्मिती हो । पितृसत्तालाई सामाजिक-सांस्कृतिक तथा राजनीतिक सन्दर्भबाट नै अन्त्य गर्न सकिन्छ भन्ने मान्यता नारीवादको छ । महिलाको श्रमशक्तिको शोषण, प्रजनन् अधिकार, नारी लैङ्गिकता र अधिकार, सम्पत्तिमाथिको पहुँच जस्ता कुराले समाजमा पितृसत्ता बलियो बनेको हुँदा महिलामाथि हुने शोषण र दमनका सबै प्रकारका स्रोत बन्द गर्नुपर्छ भन्ने मान्यता लैङ्गिक अध्येताहरूको छ ।

### *सामाजिक लिङ्ग*

समाजले प्रदान गर्ने दायित्व, क्रियाकलाप, भूमिका र जिम्मेवारी नै सामाजिक लिङ्ग हो जुन नारी र पुरुषसँग जोडिएको हुन्छ । सामाजिक लिङ्ग विशेषतः मानिस र सामाजिक अभ्यासको त्यस्तो सामुदायिक प्रक्रिया हो जुन लिङ्गगत पहिचानबाट डोरिएको हुन्छ । परम्परागत मान्यताका आधारमा देखिने महिला र पुरुषका सामाजिक लिङ्गमा देखिने यस भिन्नतालाई हटाउन महिला र महिलाको कोणबाट अध्ययन र विश्लेषण ज्यादा गरिने हुनाले सामाजिक लिङ्गअन्तर्गत महिलापक्षीय अध्ययन बढी भए पनि यसले दुवैका सकारात्मक र नकारात्मक पक्ष, सत्ता र शक्तिमा उनीहरूको पहुँचको अध्ययन गर्दछ । समाजमा जात, वर्ग, उमेर समूहअनुसार महिला र पुरुषका प्रवृत्ति, व्यवहार फरक रहेका हुन्छन् (ढकाल, सन् २००८ पृ. ३२९) । कसले के गर्छन्, को कस्तो थियो, निर्णय कसले गर्छ र कसरी गर्छ, कसले विशेष सुविधा, हक र सामाजिक न्याय पाएको छ र कसले गुमाएको छ, कुन पुरुष हो र कुन महिला हो भन्ने कुराको विश्लेषण सामाजिक लिङ्गको मूल पक्ष हो । यसले परिवार, राज्य, अन्तर्राष्ट्रिय अवस्था, बजार र समुदायमा महिला र पुरुषबिचको शक्तिसम्बन्ध कस्तो रहेको छ भने कुराको पनि विश्लेषण गर्दछ ।

### *लैङ्गिकता*

लैङ्गिकता लिङ्गका सन्दर्भबाट आएको नभई यौनका सन्दर्भबाट आएको हो । लैङ्गिकता त्यस्तो पक्ष हो जसले यौन र शरीरलाई नियन्त्रण गर्दछ । लैङ्गिक अध्ययन पद्धति सन् १९८० को दशकदेखि नारीवादबाट स्वतन्त्र समालोचनाको रूपमा विकसित भएको मानिन्छ । सोही समयमा नारीवादबाट समलिङ्गी नारीवादको थालनी भएको र सन् १९९० को दशकमा सन्दिग्धता सिद्धान्तको स्थापना भएको देखिन्छ । लैङ्गिकताअन्तर्गत विषमलिङ्गी, नारी समलिङ्गी, पुरुष समलिङ्गी जस्ता धार विकसित भएका छन् जसमा मानिसको शारीरिक पहिचानसँग सम्बन्धित भएर अध्ययन गरी लैङ्गिक भिन्नताको अवस्थालाई देखाउँदै महिला पुरुष दुवैका दमित आवाजको खोजी गरिन्छ (गुरागाई, २०७१, पृ.८२) । समलिङ्गीहरूको दमित अवस्थितिलाई कसरी प्रस्तुत गरिएको छ र तिनको मनोविज्ञान कस्तो छ मात्र नभई लैङ्गिक दमन र हिंसा, पुरुषहरूको महिलामाथिको यौनिक व्यवहार, विचारधारा, पहिचान, प्रतिनिधित्व आदिको विश्लेषण पनि लैङ्गिकताअन्तर्गत आउँछन् ।

### *शरीर राजनीति*

शरीर राजनीति भन्नाले महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ र पुरुषको अधीनता र शोषणबाट शरीर मुक्त हुनुपर्छ भन्ने नै हो । महिलाको शरीर पुरुषको नियन्त्रण र अधीनबाट मुक्त गर्नुपर्छ भन्ने मान्यताबाट नै शरीर राजनीतिको अवधारणा आएको हो । जीववैज्ञानिक रूपमा शरीर निश्चित अङ्ग र इन्द्रियहरूको संरचना हो तर सामाजिक र दार्शनिक सन्दर्भमा शरीर सांस्कृतिक विषय हो । व्यक्तिका जन्मने, पीडा हुने, आनन्दित हुने, उमेर र मृत्यु तथा भौतिक शरीरजस्ता कुरा उसका निजी विषय भए पनि यसमा सामाजिक-सांस्कृतिक प्रभाव रहन्छ । नारी-पुरुष सम्बन्ध, महिलाको शरीरको कामुकता, रजस्वला, गर्भाधान तथा बालबच्चाको हेरचाह जस्ता विषय नारीका विषय हुन् । त्यसैले नारीवादी चेतनाका दृष्टिले शरीर राजनीति व्यक्तिगत विषयका रूपमा देखापर्छ र 'व्यक्तिगत नै राजनीति हो' भन्ने नाराका साथ यसले आफ्नो शरीरको अधिकार आफूमा नै हुने मान्यता राख्छ ।

## लैङ्गिक दृष्टिले सत्ताको खोजमा एकाङ्की

*सत्ताको खोजमा* एकाङ्कीमा नारी उत्पीडन, दमन, शोषणको यथार्थ प्रस्तुत गर्दै नारी आत्मसम्मान र स्वतन्त्र नारीसत्ताको खोजी गरिएको छ । गृहस्थ जीवनमा नारीले भोग्नु परेका विपत्ति, पितृसत्ताले नारीको आत्मसम्मानमा पुगेको ठेसलाई महाभारतको पात्र प्रमिलालाई मिथकीय रूपमा प्रयोग गरी नारी अपराजिता हुन नसक्ने भन्ने तथ्यको विद्रोहपूर्ण भर्त्सनाको स्वरलाई जीवन्तता दिइएको छ । यस एकाङ्कीलाई लैङ्गिक चेतनाका आधारमा देहायका उपशीर्षकअन्तर्गत विश्लेषण गरिएको छ :

### नारीवाद

नारीवाद नारीका हक, अधिकारको सुनिश्चितता र नारी शोषण दमन विरुद्धको आवाज हो । प्रस्तुत एकाङ्कीमा प्रमिलाका माध्यमबाट स्वतन्त्र नारीसत्ताको गरिमालाई खोजी गरिएको छ । हाम्रो परम्परित समाजले पुस्तौँदेखि नारीहरूलाई बन्धनमा राखी शोषण-दमन गर्दै आएको र नारीहरूलाई स्वतन्त्रता दिनु हुँदैन भन्ने मान्यता राखेको छ । लैङ्गिक विभेद गरेर छोरालाई स्वतन्त्रताको अधिकार दिएर छोरीलाई घरको चौघेरामा बन्दी बनाउँदै आएको छ जसले गर्दा नारीले आफ्नो अस्मिता गुमाउन बाध्य भएको कुरा प्रमिलाका माध्यमबाट प्रस्ट देखाइएको छ । नारीलाई भोगविलासको साधनको रूपमा मात्र देख्ने यो समाजले नारीको सुखसत्ता उसको स्वाधीनता र स्वतन्त्रतामा प्राप्त हुन्छ भन्ने कुरा तिलकमान जस्ता भौतिक सम्पन्नतालाई सुख मान्ने पुरुषहरूले बुझ्न आवश्यक देखिन्छ । प्रमिलाका माध्यमबाट नारी विद्रोह व्यक्त गरिएको छ । हाम्रो समाज नारीले प्राप्त गरेको स्वतन्त्रतामाथि हस्तक्षेप गर्न सदा तत्पर रहन्छ र नारीको अस्तित्वमाथि अन्जान बनेर सँधैभरि खेल्न चाहन्छ । एकाङ्कीकी नारीपात्र प्रमिला आफ्नो नारी हकअधिकारको खोजी गर्ने, भौतिक सुखसुविधाभन्दा पर स्वतन्त्र नारीसत्तामा रमाउन चाहने पात्र हो जुन कुरा प्रमिलाका प्रस्तुत

भनाइबाट पुष्टि हुन्छ, ''म स्वास्नी मान्छे हुन पाएकी छैन, मेरो घाँटी अठ्याइएको छ कानुनले, व्यवस्थाले । के कात्रो ओढेर मुर्दाहरू जिउँदा जस्ता बाँचेका छैनन् ? खै मेरो आत्मसम्मान !'' (मल्ल, २०७५, पृ. १०१) । यसरी हेर्दा के भन्न सकिन्छ भने प्रमिला नारी भएकै कारण स्वतन्त्र हुन नसकेको र आफ्नो अस्मिताको खोजी गर्दागर्दै पुरुषवादी ढोँगी प्रवृत्तिका कारण जीवनबाट पलायन भएकी नारी पात्र हो । यहाँ मीना नयाँ पुस्ताकी महिला अधिकार खोज्ने आम नारीपात्रकी प्रतिनिधिका रूपमा एकाङ्कीमा देखिएकी छे । यद्यपि एकाङ्कीकी भाउजू पात्र भने हाम्रो समाजका तमाम भौतिक सुखलाई मात्र सुख ठान्ने र अनपढ, अशिक्षित महिलाको प्रतिनिधि पात्रको रूपमा उपस्थित भएकी छ ।

## पितृसत्ता

पितृसत्तात्मक व्यवस्थामा सत्ताधारी पुरुष मानसिकताले नारीलाई गलत अर्थमा प्रयोग गर्दै आइरहेको छ र नारी वैपरीत्य परिभाषाले परिभाषित छन् । यस एकाङ्कीमा काजी साहेबको पुरुष सत्तात्मक मानसिकता र अभिमानले उनकी श्रीमती प्रमिलालाई ठुलो आघात पुगेको छ । प्रमिला आफ्नो स्वतन्त्र नारीसत्तामा रमाउन चाहने नारीहरूको प्रतिनिधि पात्र हुन् । नारीको जीवनको सार्थकता पुरुषको अधीनमा रहेर घरको चौघेरामा मात्र सीमित नरही आफ्नो स्वतन्त्र अस्तित्व चाहने तर उनको पति सङ्कीर्णतावादी दृष्टिकोणले आफ्नी श्रीमतीलाई आफ्नै अधीनमा राखेर आफूभित्रको पितृसत्तात्मक सोच लाद्न चाहन्छ । तिलकमानको यस्ता मानसिकताले प्रमिलाको स्वाभिमानमा आँच पुग्छ । ऊ श्रीमान्को परम्परावादी सोचमा आफूलाई हराउन नचाहने पात्र हो । सदियौँदेखि चाल्दै आएको समाजको पुरुष शक्तिका कारण नारीमाथि सामाजिक बन्धनको लगाम लगाएर नारीदमन गरी आफ्नो पुरुषार्थ देखाउने, नारीहरू घरभन्दा बाहिर निस्कन नहुने, चुलोचौको र सन्तान उत्पादनमा लागेर घरगृहस्थी सम्हालेर मात्र बस्नुपर्ने, नारीलाई पुरुषको मनोरञ्जनको साधन, भोगविलासको वस्तु र उनीहरूको इच्छापूर्तिको स्रोतको रूपमा हेर्ने पितृसत्तात्मक सोच यस एकाङ्कीका पात्र तिलकमान काजी साहेबमा विद्यमान रहेको छ ।

पितृसत्तात्मक सामाजिक संरचनाले नारीहरूलाई केवल भोग्याका रूपमा मात्र हेरेको कुरालाई एकाङ्कीमा यसरी देखाइएको छ :

> "म स्वास्नी मानिस हुन पाएकी छैन, मेरो घाँटी अठ्याइएको छ कानुनले, व्यवस्थाले । के कात्रो ओढेर मुर्दाहरू जिउँदाजस्ता बाँचेका छैनन् ? खै मेरो आत्मा ..................... मलाई गहना र लुगाले नबेर, म कोठाको सुन्दर फुलदान होइन (के त्योभन्दा बढी म स्वास्नी मानिस हैन, के मेरो आफ्नै स्वरूप छैन ? प्राण छैन ? (मल्ल, २०७५, पृ. १०१)

पितृसत्तात्मक सामाजिक संरचनाले नारीहरूलाई केवल भोग्याका रूपमा मात्र हेरेकोप्रति असहमति व्यक्त गर्दै एकाङ्कीमा नारीहरूले पनि पुरुष सरह स्वतन्त्र जीवन जिउन पाउनुपर्ने विषयलाई जोडतोडका साथ उठाएइएको छ । नारीहरू पुरुषका भोग्या वा खेलौना भएर बाँच्नुपर्ने विवशतालाई देखाइएको हुनाले एकाङ्कीमा पितृसत्तात्मक मानसिकता प्रस्ट झल्कन्छ ।

## सामाजिक लिङ्ग

नारी र पुरुषसँगै जोडिएको सामाजिक भूमिका र जिम्मेदारीलाई सामाजिक लिङ्ग भनिन्छ । लैङ्गिक विश्लेषणको एउटा महत्त्वपूर्ण पाटो सामाजिक लिङ्ग हो । लोग्ने र स्वास्नीको सम्बन्ध पारदर्शी र सौहार्दमय हुनुपर्दछ तर प्रमिलाको लोग्नेको वर्गीय र भोगवादी संस्कारले उनीहरू बिचको औपचारिक सम्बन्ध टुङ्गिएको छ । पतिपत्नीको सम्बन्ध भनेको एक अर्काका समपूरक हुनुपर्दछ । प्रमिलाले चाहेर पनि यो सौभाग्य प्राप्त गर्न सकेकी छैन । उसका आत्मविश्वास, आत्मगौरव र आत्मसम्मान सबै लिलाम छन् । समाजले स्वीकारेका पति तिलकमानको रूढिवाद र पुरुष हैकमवादमा उसको आत्मसम्मान, आत्मनिर्भरता पुरुषीय स्वार्थपरक हितमा लिलाम हुँदै आयो । समाजमा परिवारमा लोग्ने भरणपोषण, संरक्षकको दृष्टिले कबुलेको व्यक्ति थियो, छ पनि । त्यसैले परिवारमा पुरुषको अख्तियार सर्वमान्य थियो र छ पनि । यसै हैकममा उसको वर्चस्व कायम हुँदै आयो र यसैको आडमा जन्म्यो उसको निरङ्कुशता, एकछत्र शासन, नारीप्रति अवहेलित न्यून दृष्टि । यसको ठिक विपरीत नारीहरू कोमल, संवेदनशील र अप्रतिरोधी हुन्छन् जसको तुलनामा पुरुषहरू निडर, स्वतन्त्र, कर्मठ र उत्तेजित प्रकारका हुन्छन् । नारीको व्यक्तिगत अस्तित्व भने छैन र उनीहरू परिवार र समाजका निम्ति धेरै चीजहरू बलिदान दिन बाध्य हुन्छन् । नारीलाई एउटा प्रयोजनको वस्तुको रूपमा हेरिन्छ । यस एकाङ्कीमा लोग्नेसँगको गार्हस्थ सम्बन्धमा प्रमिलाले दोस्रो दर्जाकै हीनतर जीवन व्यतीत गर्नुपरेको छ । तिलकमानसँगको विवाहबाट प्रमिलाले जीवनमा पूर्णता प्राप्त गर्न सकेकी छैन । उनको नारी स्वपराजित छ, पत्नी हुनुको अस्तित्व नै छैन । लोग्नेको शोषक प्रवृत्ति र एकाधिपत्यमुनि उनको नारी 'स्व' को हनन्, दमन र उपेक्षा भएको छ ।

समाजमा केही परिवर्तन नचाहने र अनभिज्ञ नारीहरू पनि छन् जसले भौतिक सुखलाई नै प्राथमिकता दिन्छन् भन्ने कुरा एकाङ्कीकी भाउजू पात्रका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ :

> के थाहा पाउनु नानी, काजी साहेब पनि बेसै हुनुहुन्थ्यो । हाम्रो आँखाले बाहिरबाट हेर्दा त कुनै कमी थिएन । उहाँका ४/४ ओटा घरहरू अझै छन् । यथेष्ट सम्पत्ति भएको मानिस । दुलही साहेबलाई गहना, लुगाफाटा सबै पुगेकै थियो । नोकरचाकर सब थिए । सासूससुराहरू पनि कोही थिएनन् । दाजुभाइहरू पनि कोही थिएनन् । जोईपोइमा झगडा पर्‍यो भनूँ भने पनि कहिले झगडा भएको सुनेनौँ । त्यही त अनौठो छ । आत्महत्या गर्नु होला जस्तो नै हुनुहुन्थेन । सधैं हँसिलो अनुहार लिएर बस्नु हुन्थ्यो, कुराकानी पनि मिठै थियो । ठुलो स्वरले बोल्नु भएको नै सुनेका छैनौँ । (मल्ल, २०७५, पृ. ९९)

प्रस्तुत विश्लेष्य एकाङ्कीमा सामाजिक लिङ्ग तिलकमान र प्रमिलाका माध्यमबाट प्रस्ट देख्न सकिन्छ । नारी भएपछि घरगृहस्थी सम्हालेर पतिलाई सुख दिनु, पतिको भौतिक सम्पत्तिमा रमाउनु, पुरुषहरूलाई खुसी बनाउनु र उनीहरूको भोगविलासको साधन बन्नुपर्छ भन्ने मान्यता राखेर पुरानो सोच हाबी भएको तिलकमानका यस विचारबाट पुष्टि हुन्छ 'तिमीलाई खुवाउन, लाउन दिनु यही मेरो कर्तव्य थियो, त्यही मैले पूरा गरेँ । तिमी आइमाईको कस्तो सत्ता र अस्तित्व चाहन्छ्यौ ?' (मल्ल,

२०७५, पृ. १०१) । तिलकमानको यस्तै पुरातनवादी सोचाइले सामाजिक लिङ्गको विकास गरेको छ भने समाजले छुट्याएको यो लैङ्गिक भिन्नतालाई स्वीकार गर्न नसकी स्वतन्त्र नारीसत्ताको खोजी गर्दै समाजमा पुरुष बराबरको हक अधिकार खोज्ने र समतामूलक समाजको निर्माण गर्न चाहने प्रमिलाका माध्यमबाट एकाङ्कीमा सामाजिक लिङ्गलाई सशक्त रूपमा देखाइएको छ ।

## लैङ्गिक सम्बन्ध

लैङ्गिक अध्ययन समाजमा नारीको स्तर तथा नर/नारीका सम्बन्धको विवेचना गर्ने वैज्ञानिक अवधारणा हो । जीवविज्ञानसँग सम्बन्धित स्त्री, पुरुषबिचको प्राकृतिक भिन्नतालाई लिङ्ग भनिन्छ भने समाज र संस्कृतिले ल्याएको कृत्रिम भिन्नता लैङ्गिक भिन्नता हो । जैविक लिङ्गले भन्दा पनि सामाजिक लैङ्गिक विभाजनले गर्दा स्त्री, पुरुषबिचको सम्बन्धलाई पीडादायी बनाएको छ । लैङ्गिक सम्बन्धको चित्रण भएको *सत्ताको खोजमा* एकाङ्कीमा स्त्री पुरुषको सम्बन्धमा विभाजन ल्याउने पुरुष सत्तात्मक मानसिकता र हिंसाको विरोध गरिएको छ । वर्गीय सत्ताको अहम् बोकेका काजी साहेब र पितृसत्तात्मक समाजको दूषित मनोभाव र दमनचक्रले काजी साहेब र प्रमिलाको दाम्पत्य सम्बन्ध दुर्घटित बन्न पुगेको छ । वैवाहिक जीवनको घेराभित्र जीवनमा कहिल्यै स्वत्वबोध गर्न नपाई पुरुष कै भोग्याका रूपमा मुर्दातुल्य भएर बस्नु परेको पीडाले छटपटिई आत्महत्या गर्न पुगेकी प्रमिलाको मार्मिक कथा एकाङ्कीमा देखाइएको छ भने अर्कातर्फ प्रमिलाकै दोस्रो पुस्ताको सशक्त प्रतिनिधिका रूपमा बी. ए. पढ्दै गरेकी मीनालाई उभ्याएका छन् एकाङ्कीकारले । एकाङ्कीका मुख्य पात्रका रूपमा रहेका यी दुवैको चाहना मूलतः समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त्य गर्नु नै रहेको छ । भौतिक सुखसुविधा र लोग्नेको यथेष्ट माया पाउँदा पाउँदै पनि आत्मसम्मान र स्वतन्त्रताको उपभोग गर्न नपाएकी प्रमिलाले झुन्डिएर आत्महत्या गरेकी छे जुन घटना नारीअस्तित्वको खोजीमै केन्द्रित रहेको स्पष्ट छ । त्यसको विपरीत, मीनाले शिक्षाका माध्यमबाट प्राप्त चेतनाद्वारा समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त्य गरी नारी अस्तित्वको स्थापना गर्ने दृढ अठोट लिएकी छ । यसरी प्रमिलाले गरेको आत्महत्या एवम् मीनाले लिँदै गरेको शिक्षा दुवै नारी अस्तित्वको खोजीमा केन्द्रित रहेकाले एकाङ्कीमा लैङ्गिक सम्बन्धलाई सशक्त रूपमा देखाउन खोजिएको छ ।

## शरीर राजनीति

शरीर राजनीति भन्नाले महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ र पुरुषको अधीनता र शोषणबाट शरीर मुक्त हुनुपर्छ भन्ने हो । एकाङ्की लैङ्गिक विभेदले ग्रस्त नेपाली समाजको चित्रण गर्दै नारीको अस्मिता र अस्तित्वका सम्बन्धमा सशक्त आवाज उठाउन सफल छ । यसमा अस्तित्वविहीन भएर निरीह जीवन जिउनुभन्दा स्वतन्त्रता, समानता एवं हक र अधिकारका लागि नारीहरूले विद्रोह गर्नुपर्ने अभिव्यक्ति प्रकट गरिएको छ । यहाँ प्रमिलाले शरीर राजनीतिको उपभोग गर्दै विद्रोहको रूपमा आत्महत्या गरेर नारी अस्तित्वको खोज गरेकी छ । प्रमिलाले अस्तित्वविहीन बाँच्नुभन्दा मृत्युवरण गर्न रुचाएको कुरा एकाङ्कीमा यसरी प्रस्तुत गरिएको छ :

तिमीले भनेकी थियौ, सम्फ यदि मलाई वास्तविक स्वास्नी मानिस जस्तो बाँच्ने अधिकार दिँदैनौ भने मलाई अपमान मात्र लिएर यो पृथ्वीमा टिक्नु छ भने जीवनको सबभन्दा ठूलो अधिकार मृत्यु, मर्ने अधिकार जो मेरो आफ्नो हो, जसलाई कोही खोस्न सक्दैनन् उपयोग गरेर म मरी दिन सक्छु, म त्यसरी आफ्नो स्वतन्त्रता र हक दाबी गर्न सक्छु। (मल्ल, २०७५, पृ. १०२)

अर्कातिर मीना पनि शिक्षाका माध्यमबाट नारी अस्तित्वको खोजी गर्दै छे। यस एकाङ्कीमा मीना र प्रमिलाका माध्यमबाट शरीर राजनीतिको प्रयोग गर्दै नारी अस्तित्वको खोजी गरिएको छ।

## निष्कर्ष

*सत्ताको खोजमा* एकाङ्की लैङ्गिक चेत भएको एकाङ्की हो। यसले परम्परावादी पितृसत्तात्मक सोचको विरुद्धमा नवीन मान्यताहरूको विकास गरेको छ। खासगरी नारीलाई सामाजिक मान्यताका विरुद्ध आवाज उठाउन लगाएर नारी आफ्नो स्वतन्त्र नारीसत्ताको खोजमा आफ्नो अस्तित्व बचाउन सर्वस्व त्याग्न सक्छे भन्ने कुरा देखाएको छ भने अर्कातिर नारी सङ्घर्षको पीडालाई व्यक्त गरेको छ। लैङ्गिक रूपमा नारीहरू आफ्नो अस्मिता वा अस्तित्वको अनि सत्ताको खोजमा आफूलाई समर्पण गर्दछन् तर क्रूर तथा स्वार्थी समाजले तिनीहरूलाई पाइला-पाइलामा घाँटी थिची बाँच्न दिँदैनन् भन्ने विद्रोही स्वर प्रस्तुत गरिएको छ। पुरुषहरूले राम्राराम्रा गहना, लत्ताकपडा र अन्य प्रकारका विलासी भौतिक सुखसुविधाहरूको प्रलोभन देखाएर नारीहरूलाई भ्रममा पारी मनोरञ्जन लिने गर्दछन्। अर्थात्, पुरुषहरूले नारीहरूलाई केवल खेलौना मात्र ठानी आफ्नो विषयवासना पूर्ति गर्दछन् तर यी सबै कुराहरू नारीहरूलाई सह्य हुँदैन। नारीहरू भोग्य र विलासी वस्तु होइनन् अर्थात बजारमा दरभाउ तोकेर चाहेको अनुसार किनबेच गर्ने र मनलागेअनुसार प्रयोग गर्ने चिज होइनन् भन्ने कुरालाई यो एकाङ्कीले प्रस्ट्याएको छ। तसर्थ उनीहरू आफ्नो सत्ता वा स्वतन्त्र स्थान सुरक्षित राख्न चाहन्छन् भन्ने विचारलाई एकाङ्कीमा देखाइएको छ। पुरुषसत्ताले सदैव नारीको स्वनिर्णयको अधिकारलाई कुण्ठित गर्दै आएको परिप्रेक्ष्यमा यस एकाङ्कीमा नारीको स्वनिर्णयको अधिकारलाई पक्षपोषण गरेको छ। पुरातनवादी चिन्तनले नारीको हित गर्दैन किनभने यसले नारीको अन्तर्हृदयको मर्म बुझ्दैन। पुरातनता पुरुष निर्मित हुनाले नारीका पक्षमा उदासीन बन्छ। नारीले आफ्ना लागि आफैँ सङ्घर्ष गर्नुपर्छ। तिलकमान जस्ता पैसा र पद दुवै भएका काजीसाहेब प्रमिलाले गरेको आत्महत्यापश्चात् आफू पश्चात्तापमा परेको भए तापनि नारीका विषयमा पुरानो मान्यताकै पक्षमा उभिएको छ। उसकै कारण प्रमिलाले आत्महत्या गर्न बाध्य भएकी छ। पुरुषप्रधान हाम्रो समाजमा पुरुषले गरेका थिचोमिचोलाई सहन सकिन्जेल सहने जब सहन सकिँदैन तब आत्महत्या गर्ने जुन प्रवृत्ति छ त्यसको विरुद्धमा लड्नुपर्छ। मर्नु मात्र समस्याको समाधान होइन, अतित्वको रक्षा होइन। समाजका यस्ता प्रतिनिधिमूलक घटनाले आउने पुस्तामा सकारात्मक सन्देश दिनुपर्छ कि अस्तित्व रक्षाका लागि बाँचेर सङ्घर्ष गर्ने हो न कि मरेर। हरेक नारी आफू स्वतन्त्र भएर जीवन व्यतीत गर्न चाहन्छे। त्यसको लागि बाँचेर सङ्घर्ष गर्नुपर्छ। अतः पुरुषसँग लाचार र निरीह बनेर नबसी स्वतन्त्र नारी सत्ताको लागि प्राणको आहुति दिन सक्ने नारी पात्रको प्रयोग गरी यस एकाङ्कीले नारी अधिकार, स्वतन्त्रता र

उन्मुक्तिको स्वर मुखरित गरेको छ भने अर्कातिर समाजमा भएका यस्ता लैङ्गिक विभेदको अन्त्य र समतामूलक समाज निर्माणको चाहना व्यक्त गरेको छ । हरेक क्षेत्रमा महिला-पुरुषको समान अधिकार हुनुपर्छ भन्ने लैङ्गिक चेतना यस एकाङ्कीमा प्रस्तुत भएको छ ।

## सन्दर्भ सामग्री सूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा* (चौथो संस्करण), अक्षर क्रियसन्स ।

खनाल, राजेन्द्र (२०७१), *नेपाली उपन्यासमा लैङ्गिक चेतना* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, राजेन्द्र (सन् २०१९), लैङ्गिक दृष्टिमा सजिलो उपन्यासको भाषा, *एजुकेसन एन्ड सोसल साइन्स*, १ (१) पृ. ९९-११० ।

गुरागाई, राधिकादेवी (२०७१), स्वास्नीमान्छे नाटकमा लैङ्गिकता, *वाङ्मय,* नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ढकाल, रजनी (२०७०), सांस्कृतिक अध्ययनमा लैङ्गिकता, *भृकुटी* सांस्कृतिक अध्ययन विशेषाङ्क, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

*नेपाली बृहत् शब्दकोश* (२०७५, दशौँ संस्करण), नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७६), लैङ्गिक समालोचना, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.) *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड)*, रत्नपुस्तक भण्डार, पृ. २४४-२५८ ।

मल्ल, विजय (२०७५), सत्ताको खोजमा, त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, अनिवार्य नेपाली विषय स्थायी समितिद्वारा सम्पादित *नेपाली साहित्यिक रचना* (नवौँ संस्करण), साझा प्रकाशन पृ. ९१-१०३ ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।